## <u>कैलाली जिल्लाको गोदावरीमा निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडद्वारा</u>

# ग्राहक सदस्यहरुको लागि वित्तीय साक्षरता तालिम सम्पन्न




काठमाण्डौं नक्सालमा केन्द्रीय कार्यालय रहेको निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडले संस्थाका आफ्ना ९१ ज्ना ग्राहक सदस्यहरुको सहभागितामा २०७५ साल फाल्गुण ७ गते कैलाली जिल्लाको गोदावरी नगरपालिका वडा नं. १ बसन्तपूरमा **"ग्राहक सदस्यहरुको लागि वित्तीय साक्षरता तालिम"** सम्पन्न गरेको संस्थाका अत्तरीया शाखा कार्यालयका शाखा प्रमुख श्री बूद्धि प्रकाश घिमिरेले जानकारी गराएका थिए । यस तालिममा प्रशिक्षकहरु शाखा प्रमुख श्री बूद्धि प्रकाश घिमिरे र लेखापाल श्री अजय रसाईली रहनु भएको थियो ।

एक परिवारमा एक जना उद्यमी बनाउने संस्थाले पहल गरी रहेको, संस्थाले साढे दुई दशकदेखि निरन्तर लघुवित्त सेवा दिईरहेको यस संस्थाबाट कर्जा लिई व्यवसाय गरी धेरै घरपरिवार आर्थिक समुन्नतीतिर अगाडि बढेको र अत्तरीया शाखाबाट मात्र २,८३२ जना सदस्यहरु लाई वित्तीय सेवा प्रदान गरिरहेको र १,४५७ जना सदस्यहरुले करिव ११ करोड कर्जा लीई आफनो व्यवसाय विस्तार गरि आर्थिक स्थिती सवल पारीरहनु भएको साथै शाखामा माघ मसान्त सम्म ६ करोड ५८ लाख सदस्यहरुको वचत रहेको संस्थाका शाखा प्रमूख श्री बूद्धि प्रकाश घिमिरेले बताउनु भएको थियो । तालिममा सहभागीहरुलाई स्वागत गर्नुका साथै तालिमको उद्देश्यका बारेमा संस्थाको अत्तरीया शाखा कार्यालयका लेखापाल कर्मचारी श्री अजय रसाईलीले साक्षरता तालीम संचालन गर्नु भएको थियो ।

यस तालिममा ग्राहक सदस्यहरुले वित्तीय साक्षरता तालिम एक परिचय, वित्तीय साक्षरताको महत्व, उद्देश्य, वित्तीय लक्ष्य निर्धारण, बचत परिचालन, कर्जा व्यवस्थापन तथा कर्जा सदुपयोगिता, वित्तीय अनुशासन, सेवा सुविधाको छनौट प्रक्रिया तथा आम्दानी खर्च, जोखिम व्यवस्थापन, बिमा, विप्रेषण सेवा, व्यवसायिक योजना, व्यवसायिक योजना बनाउँदा ध्यान दिनुपर्ने कुराहरु, बचतको महत्व तथा बैंकको पब्लिक डिपोजिटको बारेमा, संस्थाले प्रदान गरी रहेका सेवा सूविधाका वारेमा यस शाखा कार्यालयका लेखापाल श्री अजय रसाईलीले प्रष्ट पार्नु भएको थियो ।

यस निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड ७ वटै प्रदेशका देशको ७७ वटै जिल्लाहरुको शाखा संञ्जाल रहेको नेपालको एक मात्र सबैभन्दा ठूलो लघुवित्त संस्था हो । संस्थाले १८१ वटा शाखाहरु, १० वटा क्षेत्रीय कार्यालय र केन्द्रीय कार्यालय गरी १९२ वटा कार्यालयहरुको स्थापना गरी संस्थाले लघुवित्त सेवा पुऱ्याई रहेको छ । संस्थाले ग्रामीण क्षेत्रमा बसोबास गर्ने शोषित, उत्पिडित, पिछडिएका विपन्न परिवारका महिलाहरुलाई समुहमा आवद्ध गराई विनाधितो लगानी गर्नुका साथै सीपमूलक तालिम, उद्यमशीलता विकास तालिम, सचेतनामूलक कार्यक्रमहरु संचालन गर्दै आर्थिक, सामाजिक, बौद्धिक विकास गर्दै आई रहेको छ । यस संस्थाले देशको कुनाकुनामा



शाखाहरु स्थापना गरी ग्राहक सदस्यहरुलाई सीपविकास तालिम प्रदान गर्दै आईरहेको छ साथै तालिम लिएका सदस्यहरुलाई आवश्यकतानुसार लगानी समेत गर्दै आई रहेको छ ।

संस्थाले २०७५ पौष मसान्त सम्ममा ३ लाख ३८ हजार २०० घरपरिवारहरुमा सेवा विस्तार गरेको छ । संस्थाले २०७५ पौष मसान्त सम्ममा लगानीमा रहेको कर्जा रु. १७ अरब ९ करोड १७ लाखरहेको छ भने ग्राहक सदस्यहरुको ९ अरब ६८ करोड ७४ लाख बचत परिचालन गरेको छ । व्यवसाय गरी रहेका संस्थाका ग्राहक सदस्यहरुलाई थप ज्ञान, सीप प्रदानगर्न यस तालिममा सहभागी गराईएको संस्थाका अत्तरीयाका.शाखाका शाखाप्रमुख श्री बूद्धि प्रकाश घिमिरेले जानकारी गराएका थिए ।

तालिमको अन्त्यमा तालिमको मूल्याकंन सहभागी श्री पारु देवी कडायत, सहभागी श्री डम्मर कून्जेडाले मन्तब्य राखेका थिए । ब्यवसायिक रुपमा उन्नत बाख्रापालन गरेमा राम्रो फाईदा लिन तालिमले सहयोग गर्ने सहभागीहरुले बताएका थिए । बाख्रापालन गरी रहेका संस्थाका ग्राहक सदस्यहरुलाई थप ज्ञान, सीप प्रदान गर्न यस तालिममा सहभागी गराईएको संस्थाका शाखा प्रमुख श्री बूद्धि प्रकाश घिमिरे ले जानकारी गराएका थिए । तालिमको संचालन शाखाका प्रमुख बूद्धि प्रकाश घिमिरेले गरेका थिए ।